नेपाल सरकार
उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

मितिः २०८२/५/१

# कम्पनी प्रशासन सम्बन्धी कार्यलाई थप सरलीकरण गरिएको सूचना ।

कम्पनी ऐन, २०६३ को प्रस्तावना बमोजिम कम्पनी प्रशासन प्रकृयालाइ सुगम, सरल र पारदर्शी बनाउने प्रयोजनका लागि क्रमशः सुधारका कार्यहरू अगाडि वढाइएको छ ।

यस कार्यालयमा सञ्चालनमा रहेको कम्पनी प्रशासन व्यवस्थापन सूचना प्रणाली (CAMIS) मा देहायका प्रबन्धहरू गरी कम्पनी प्रशासन सम्बन्धी कार्यहरूलाइ थप चुस्त पारिएको छ ।

१) कम्पनी ऐनको दफा ८० बमोजिम कम्पनीहरूले हरेक वर्ष कार्यालयमा बुझाउनु पर्ने वार्षिक विवरणहरू सम्बन्धित कम्पनीले आफ्नो CAMIS Account बाट पेश गरेपछि स्वचालित रूपमा कानून बमोजिम लाग्ने जरिवाना हिसाव हुने र सो भुक्तान गर्दा वित्तिकै विवरण अभिलेख भएको प्रमाण (कार्यालयको डिजिटल हस्ताक्षर सहित) स्वचालित रूपमा नै तत्काल प्राप्त हुने प्रवन्ध मिलाइएको छ । यसवाट कम्पनी रजिष्ट्रारको कार्यालयमा उपस्थित नभईकनै वार्षिक विवरण अभिलेखनका कार्य सम्पन्न हुनेछन् ।

२) दर्ता पश्चात सुरू ठेगाना अभिलेख, ठेगाना परिवर्तन तथा पूँजी वृद्धि सम्बन्धि आवेदनहरू समेत स्वचालित रूपमा अभिलेखन हुने प्रबन्ध निकट भविष्यमा मिलाइने छ ।

३) कम्पनी संस्थापना र कम्पनी प्रशासन सम्बन्धि कामको अभिलेखनका निर्णय गर्दा बढीमा २ तहबाट कार्य टुङ्गो लाग्ने प्रबन्ध मिलाइएको छ । कम्पनी दर्ता गर्दा सहायक रजिष्ट्रार १ (एक) तहवाट र दर्ता पश्चातका गतिविधिहरू चुक्ता पूँजीका आधारमा सहायक रजिष्ट्रार १ (एक) तहवाटै वा वढीमा उपरजिष्ट्रार सम्म (दुई तह) बाट टुङ्गो लाग्नेछन् ।

कर्मचारी सरूवा लगायतका कारणवाट कार्यालयमा आइपरेको विषम परिस्थितीलाइ पार लगाउँदै कार्यसञ्चालन सहज बनाउने कार्य निरन्तर जारी छ । साउन महिना भरिमा ४ हजार ८१४ नाम स्वीकृती, २ हजार ४०५ कम्पनी दर्ता तथा साविक देखि थाँती रहेका ४ हजार ४११ दर्ता पश्चातका आवेदन टुङ्गो लगाइएको छ । त्यस्तै साविकमा स्वीकृत भै हस्ताक्षर गर्न वाँकी ३३ हजार ८४१ आवेदनको डिजिटल हस्ताक्षरको काम सम्पन्न भएको छ भने थप पेन्डिङ आवेदन फछर्योटको कार्य निरन्तर जारी रहेको छ ।

२०८२।५।१

देवीप्रसाद सुवेदी
नि. रजिष्ट्रार